विर्तामोड नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, विर्तामोड र
अर्जुनधारा नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, शनिश्चरे
झापा
१ नं. प्रदेश, नेपाल

## आन्तरिक आय संकलनको लागि
## बोलपत्र आव्हान गरिएको सूचना

*प्रथम पटक प्रकाशित मिति : २०७७/०८/....*

विर्तामोड नगरपालिकाले चालु आ. व. ०७७/०७८ वांकी अवधिमा उठाउन पाउने देहायको आन्तरिक आय प्रचलित कानून बमोजिम ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुंदा इच्छुक व्यक्ति, फर्म वा संस्थाले तपसिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशित भएको मितिले कार्यालय समय भित्र ३० औ दिन सम्म बोलपत्र खरिद गर्न र ३१ औ दिनको १२:०० बजे भित्र इ-विडिङबाट दाखिला गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

### ठेक्काको विवरण

| क.स. | ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक (भ्याट बाहेक) वार्षिक | बोलपत्र/ दस्तुर |
|---|---|---|---|---|
| १ | ५ | सवारी कर तथा पार्किङ शुल्क (टेक बहादुर गिरी बसपार्क) | ३२,५०,०००।- (अक्षरुपी बत्तिस लाख पचास हजार मात्र) | ३०००।- (तीन हजार मात्र फिर्ता नहुने गरी ) |

शर्तहरु

१) ईच्छुक बोलपत्रदाताले नागरिकताको प्रमाण पत्र, PAN/VAT दर्ता प्रमाण पत्र र गत आ. ब. २०७६/०७७ को कर चुक्ता प्रमाण-पत्र पेश गरी इ-विडिङ बाट बोलपत्र फाराम खरिद गर्नु पर्नेछ ।

२) खरिद गरिएको बोलपत्र भरी ३१ औं दिनको १२:०० बजे भित्रमा इ-विडिङ मार्फत दाखिला गरिसक्नु पर्नेछ । इ-विडिङमा पर्न आएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजेपछि बोलपत्रदाता वा निजहरुको प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३) बोलपत्र फाराममा कबोलअंक अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।केरमेट भएमा केरमेट भएको ठाउंमा बोलपत्रदाताले स्पष्ट सही छाप गरेको हुनु पर्नेछ ।

४) बोलपत्र फारम खरिद बापतको रकम यस कार्यलयको एन आइ सि एसिया बैङ शाखा विर्ताबजारको हि. नं.-२४६CA५००१८८७०००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्ने छ ।

४) बोलपत्र/मा उल्लेखित कवोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको एन आइ सि एसिया बैङ शाखा विर्ताबजारको हि. नं.-२४६ CA५००१८८७०००५ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० ( एक सय विस ) दिन म्याद भएको विडवण्ड बोलपत्र साथ दाखिला गर्नु पर्नेछ ।

५) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा विर्तामोड नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

६) बोलपत्रदाताहरुले नगरपालिकालाई बुझाउनु पर्ने बाँकी कर, बक्यौता रकम भएमा त्यस्ता व्यक्ति वा फर्महरुले बांकी कर, वक्यौता रकम नबुझाएसम्म निजले बोलपत्र खरिद गर्न पाउने छैन ।

७) बोलपत्रदाताले नाम र ठेगाना स्पष्टसंग उल्लेख गरी ठेक्काको ठेक्का नं समेत उल्लेख गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

८) बोलपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।

९) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विर्तामोड नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

१०) शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएका बोलपत्र माथि कारवाही हुने छैन ।

११) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१२) यस सम्बन्धमा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र विर्तामोड नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१३) ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण विर्तामोड नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्रदाताले उक्त सबै शर्तहरु पुरा गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

. शर्तहरु

१. उल्लेखित आन्तरिक आयको ठेक्का स्वीकृत भएपश्चात सम्झौताका वखत सम्बन्धित ठेकेदारले नेपाल सरकारले तोके अनुसार मूल्यअभिवृद्धि कर **(VAT)** आफुले कबोल गरेको अंकमा थप गरी हुन आउने रकम एकमुष्ठ रुपमा यस कार्यालमा बुझाउनु पर्नेछ ।साथै किस्तामा रकम बुझाउने गरी ठेक्का सम्झौता गर्दा सोही अनुसार किस्तामा भ्याट रकम समावेश गरी बुझाउनु पर्नेछ।

२. एउटा व्यक्ति वा फर्मलाई एउटा ठेक्काको लागी एउटा मात्र फारम खरिद गर्न दिइनेछ ।जसको नाममा फारम खरिद गरिएको हो सोही व्यक्ति वा फर्मको नाममा मात्र बोलपत्र दाखिला गर्नु पर्नेछ।

३. बोलपत्र स्वीकृत भएपछी सूचना सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछीको रितपूर्वकको बोलपत्रदातालाई ठेक्का सम्झौता गर्न सूचना दिइनेछ ।

४. ठेक्काको स्वीकृत रकम एकमुष्ठ बुझाएमा स्वीकृत अंकमा १० प्रतिशत रकम छुट दिइनेछ ।

५. किस्ता रकम म्याद भित्र बुझाउनु पर्नेछ । म्याद भित्र नवुझाएमा विर्तामोड नगरपालिकालाई ०.०२ प्रतिशत प्रति दिन सो किस्तामा बुझाउन बाँकी रकमको हिसाबले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।किस्ता रकम बुझाउन म्याद नाघेको १५ दिन सम्ममा पनि रकम नवुझाएमा अन्तिम चेतावनी स्वरुप पुन १५ दिनको म्याद दिई जरिवना सहित रकम बुझाउन जानकारी गराइनेछ । सो म्यादमा पनि बुझाउनु पर्ने रकम ठेकेदारले नवुझाएमा कार्यालयले ठेक्का तोडी वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

६. ठेकेदारसँग ठेक्का सम्झौता गर्दा एकमुष्ठ रकम बुझाउनेको हकमा सम्पूर्ण रकम दाखिला गरिसकेपछि र किस्तबन्दी बुझाउनेको हकमा पहिलो किस्ता बुझाएको रकमबाहेक दोस्रो र तेस्रो किस्ताको बुझाउन बाँकी रकम बराबरको यस कार्यालयको नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क बर्गको बैक बाट जारी गरिएको २०७८ साल श्रवण मसान्तसम्म अवधि भएको बैक ग्यारेन्टी प्राप्त भएपछी ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ ।

७. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन, नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदी सबै ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

८. नेपाल सरकार तथा विर्तामोड नगरपालिकाले समय समयमा दिइएका नीति, निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ।

९. शुल्क उठाउन प्रयोग हुने रसिदहरु २ (दुई) प्रति भएको रसिद ठेकेदार आफैले छपाई सोमा कार्यालयको छाप लगाई छापिएको रसिदको अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

१०. ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा कार्यालय र ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा विर्तामोड नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो को निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

११. ठेक्का अवधि भुक्तान भईसकेपछि आन्तरिक राजश्व कार्यालयबाट करचुक्ताको पत्र पेश भएपछी मात्र धरौटी रकम फिर्ता गरिनेछ ।धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन ।

१२. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ ।यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ। यसरी ठेक्का तोडिएमा निजको अभिलेख कार्यालमा राखिनेछ ।

१३. शुल्क संकलन गर्दा दोहोरो नहुने गरी एकरुपता कायम गरी संकलन गर्नु पर्नेछ । र शुल्क संकलन गर्ने स्थानमा संकलन गरिने वस्तुहरुको मूल्य सहितको सूची सर्वसाधरणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ ।

१४. ठेक्का संचालनको अवधिमा कुनै किसिमको छुट, माफी, मिनाहा माग्न पाइने छैन । बन्द, हड्ताल जस्ता असामान्य परिस्थिति भए/परेमा प्रचलित कानुन बमोजिमको आधारमा मात्र निर्णय गर्न सकिनेछ ।

१५. अन्य विस्तृत जानकारीको लागि नगरपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

गणेशप्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner